भारतीय राजदूतावास

काठमाडौँ

प्रेस विज्ञप्ति

मुस्ताङ जिल्लामा विद्यालय भवन, शिक्षक आवास तथा छात्रावास निर्माणको शिलान्यास

नेपालको गण्डकी प्रदेश अन्तर्गत मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका-२ मा रहेको श्री जनबाल माध्यमिक विद्यालयको नयाँ विद्यालय भवन, शिक्षक आवास तथा छात्रावास निर्माणको आज काठमाडौँस्थित भारतीय राजदूतावासका कार्यवाहक राजदूत डा. राकेश पाण्डे र घरपझोङ गाउँपालिकाका अध्यक्ष श्री मोहन सिंह लालचनले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको करिब ने.रु. ८.९ करोड आर्थिक सहयोगमा यी नयाँ संरचनाहरुको निर्माण हुन लागेको हो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयन घरपझोङ गाउँपालिका, मुस्ताङमार्फत गरिनेछ र यो नेपालको मुस्ताङ जिल्लामा सञ्चालन हुन लागेको १८औँ उच्च प्रभाव सामुदायिक विकास परियोजना हो ।

३. मुस्ताङको घरपझोङ गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरुले शैक्षिक पूर्वाधार सुदृढीकरण र गुणस्तरीय शिक्षामा पहुँच प्रवर्द्धन गर्न भारत सरकारद्वारा निरन्तर प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो ।

४. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा

पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिमा सहयोग पुऱ्याउन दुई देशहरुबीचको विकास साझेदारीको मजबुती र गहिराइलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौँ

२०८३ मंसिर १०